आज मिति २०८०।०४।२५ गते बिहिबारका दिन विहानको ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को पहिलो बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | [signature] |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | [signature] |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | [signature] |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | [signature] |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | [signature] |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | [signature] |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | [signature] |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | [signature] |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | [signature] |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | [signature] |
| विर बहादुर पौडेल | सदस्य | [signature] |
| मिठ्ठु वि.क | सदस्य | [signature] |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | [signature] |

अन्य उपस्थिति :

१) रमेश थापा , सूचना प्रविधि अधिकृत

[signature]

[stamp: अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पोखरेबगर, म्याग्दी, गण्डकी प्रदेश, नेपाल, स्था: २०७३]

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८०।०४।२५ गते

समय : विहान ११:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्विकृत मिति : २०८०।०४।२१ गते

**छलफलका एजेण्डाहरु:**

प्रस्ताव नं. १ पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा,
प्रस्ताव नं. २ तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
प्रस्ताव नं. ३ आ.व. २०७९।८० को भुक्तानी बाँकी दायित्व सम्बन्धमा ।
प्रस्ताव नं. ४ औद्योगिक ग्राम निर्माण सम्बन्धमा,
प्रस्ताव नं. ५ भु-उपयोग योजना (जग्गा वर्गिकरण) सम्बन्धमा,
प्रस्ताव नं. ६ अन्नपूर्ण गाउँपालिका भित्र स्थानीय सडकको गाडीभाडा निर्धारण सम्बन्धमा,
प्रस्ताव नं. ७ आ.व. २०७९।८० को बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा,
प्रस्ताव नं. ८ आ.व. २०८०।८१ को बार्षिक खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा,
प्रस्ताव नं.९ अन्नपूर्ण-१ दोवामा निर्माणसम्पन्न भएको ५ शैया अस्पतालको सञ्चालन सम्बन्धमा,
प्रस्ताव नं १० कार्यालय सहयोगी नियुक्ती सम्बन्धमा,
प्रस्ताव नं ११ कक्षा ६ मा अध्ययन गर्ने विद्यार्थीको लागि दिवा खाजा व्यवस्थापन सम्बन्धमा,
प्रस्ताव नं १२ सामुदायिक सिकाई केन्द्रका कर्मचारीलाई व्यवस्थापन गर्ने सम्बन्धमा,
प्रस्ताव नं १३, आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा,
प्रस्ताव नं १४ विविध समसामयिक ।

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

निर्णय नं १:

प्रस्ताव नं. १ उपर छलफल गर्दा अधिकांश पूर्व निर्णयहरु कार्यान्वयनको चरणमा भएको पाईयो ।

निर्णय नं २ :

प्रस्ताव नं २ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको आ.व. २०८०।८१ को लागि सबै कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गर्ने ।

निर्णय नं ३ :

प्रस्ताव नं ३ उपर छलफल गर्दा आ.व. २०७९।८० को भुक्तानी गर्न दायित्व रहेको तपसिलका व्यक्ति तथा फर्महरुलाई चालु आ.व.मा दायित्व सारेर भुक्तानी दिने ।

१) नेत्र ज्योती संघ, म्याग्दीको लागि आँखा शिविरको कार्यक्रम रु २५०,०००।—
२) योजना अधिकृत श्री हरिकृष्ण आचार्यको कर्मचारी विमा रु ४,७५०।-
३) हिस्तान स्वास्थ्य चौकीको विद्युत महशुलको भुक्तानी गरेवापत हिस्तान स्वास्थ्य चौकीको कर्मचारी श्री धनमाया शेर्पुजा — रु १२,३४५।—
४) थाकदाना आयुर्वेद दानाको मिटर वक्स जडान वापतको श्री चुक बहादुर पुनलाई — रु २,९४२।—
५) ५ शैयाको आधारभूत अस्पताल (दोवा अस्पताल)को निर्माण कम्पनी श्री रबिना-अमित जे.भि. थासाङ-०३ - रु १६,५३,०५७।०२

निर्णय नं ४:

प्रस्ताव नं ४ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिका भित्र औद्योगिक ग्राम निर्माण सम्बन्धमा मिति २०७९।१२।०८ गते को कार्यपालिकाको बैठकको निर्णायानुसार गठित एक स्थानिय तह एक औद्योगिक ग्राम स्थापनाका लागि जग्गा व्यवस्थापन गर्ने प्रयोजनको लागि गठित समितिले नै थप अध्ययन गर्ने; तथा यस सम्बन्धी कुनै अन्य विकल्प भए आगामी कार्यपालिकामा बैठकमा पेश गर्ने ।

निर्णय नं ५:

प्रस्ताव नं ५ भु-उपयोग ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार योजना (जग्गा वर्गीकरण) सम्बन्धमा छलफल गर्दा जग्गा वर्गीकरण सम्बन्धी ऐन, नियमावलीहरुलाई अध्ययन गरी गाउँपालिकाको मापदण्ड निर्माण गरेर मात्र अगाडी बढाउने ।साथै वडास्तरमा प्रारम्भिक छलफल गरी सुझाव लिने ।

निर्णय नं. ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिका भित्रको स्थानीय सडकहरुको गाडीभाडा तपसिल बमोजिम हुने गरी निर्धारण गरिदिन वडाहरुबाट सिफारिस भई आए बमोजिम जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने ।

| क्र.स. | वडा नं | देखि | सम्म | भाडा रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | भिरकाटे | दोवा गाउँ | २५०/- | |
| २ | १ | पोखरेवगर | दोवा गाउँ | ३००/- | |
| ३ | १ | दोवा | बेनी | ६००/- | |
| ४ | २ | पोखरेवगर | कटौजे | ३००/- | |
| ५ | २ | पोखरेवगर | मान्द्रेढुङ्गा | २२५/- | |
| ६ | २ | पोखरेवगर | चिसोपानी | १८०/- | |
| ७ | २ | मान्द्रेढुङ्गा | तातोपानी बजार | १७५/- | |
| ८ | २ | चिसोपानी | तातोपानी बजार | १५०/- | |
| ९ | ४ | पोखरेवगर | नारच्याङ बेशीगाउँ | १५०/- | |
| १० | ४ | पोखरेवगर | नारच्याङ लेकगाउँ | ३५०/- | |
| ११ | ४ | पोखरेवगर | पटार | २००/- | |
| १२ | ४ | पोखरेवगर | घराप | २५०/- | |
| १३ | ४ | पोखरेवगर | गाडपार | ३००/- | |
| १४ | ४ | पोखरेवगर | ठाडेस्वाँरा | ३००/- | |
| १५ | ४ | पोखरेवगर | कोप्चेपानी | ३५०/- | |
| १६ | ४ | पोखेरवगर | बास्कोट | २५०/- | |
| १७ | ५ | पोखरवगर | कुरिलावगर | २००/- | |
| १८ | ५ | पोखरेवगर | शिख | २००/- | |
| १९ | ५ | पोखरेवगर | मुलपानी | २२०/- | |
| २० | ५ | पोखरेवगर | घोप्टेखर्क | २४०/- | |
| २१ | ५ | पोखरेवगर | फलाटे | २५०/- | |
| २२ | ५ | पोखरेवगर | शिख हुदै स्वाँत | ३००/- | |
| २३ | ५ | पोखरेवगर | शिख हुदै किन्दु | ३००/- | |
| २४ | ५ | पोखरेवगर | शिख, किन्दु हुदै पाउद्वार | ३५०/- | |
| २५ | ५ | पोखरेवगर | नेपाने | १००/- | |
| २६ | ५ | पोखरेवगर | नाका | २५०/- | |
| २७ | ५ | पोखरेवगर | पाउद्वार | ३००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | ५ | पोखरेवगर | पाउद्वार हुदै झारवाङ | ३५०/- | |
| २९ | ५ | पोखरेवगर | पाउद्वार, झारवाङ हुदै किन्दु | ३८०/- | |
| ३० | ५ | पोखरेवगर | पाउद्वार-किन्दु हुदै स्वात | ४५०/- | |
| ३१ | ६ | पोखरेवगर | हल्लेखर्क | ३०/- | |
| ३२ | ६ | पोखरेवगर | विरौटा | ५०/- | |
| ३३ | ६ | पोखरेवगर | भुवानीथान | ७५/- | |
| ३४ | ६ | पोखरेवगर | घार | १००/- | |
| ३५ | ६ | पोखरेवगर | खिवाङ | १५०/- | |
| ३६ | ६ | पोखरेवगर | चित्रे | २७०/- | |
| ३७ | ६ | पोखरेवगर | घोडेपानी | ६००/- | |
| ३८ | ६ | पोखरेवगर | महभिर हुदै कुटुका | २५०/- | |
| ३९ | ७ | महभिर | घराम्दी | ३५०/- | |
| ४० | ७ | महभिर | टिकोट | ४००/- | |
| ४१ | ७ | महभिर | टिकोट-रिमा | ३५०/- | |
| ४२ | ७ | महभिर | औल हुदै रिमा | ३००/- | |
| ४३ | ७ | महभिर | औल | २५०/- | |
| ४४ | ७ | महभिर | दोसल्ले | १०५/- | |
| ४५ | ८ | महभिर | राम्चे | ७००/- | |
| ४६ | ८ | महभिर | नागी | ९००/- | |

निर्णय नं. ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा आ.व. २०७९/८० को बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई आगामी कार्यपालिकाको बैठकमा छलफल गर्ने ।

निर्णय नं. ८:

प्रस्ताव नं ८ उपर छलफल गर्दा आ.व. २०८०/८१ को बार्षिक खरिद योजना स्वीकृत गर्ने । साथै खरिद योजनाको यथासक्य परिपालना गर्ने ।

निर्णय नं ९ :

प्रस्ताव नं ९ उपर छलफल गर्दा अन्नपूर्ण १ दोवामा श्री रबिना-अमित जे.भि. थासाङ-०३, मुस्ताङसंग रु ५ करोड १२ लाख ६० हजार ६ सय बाउन्न रुपैया २१ पैसामा मिति २०७८।०१।१७ ठेक्का सम्झौता भई मिति २०७९।११।२० मा कार्य सम्पन्न भएको ५ शैयाको आधारभूत अस्पतालको रु १६,५३,०५७।०२ ( अक्षेरुपी सोह्र लाख त्रिपन्न हजार सन्ताउन्न रुपैया दुई पैसा मात्र। ) भुक्तानी हुन बाँकी रहेकोमा यस बर्षको LMBIS मा बजेट प्राप्त भएकाले बाँकी रकम दायित्व भुक्तानी भुक्तानी गर्ने । साथै उक्त अस्पताल सञ्चालनका लागि आवश्यक दरबन्दी, सेवा सुविधा, औषधि उपकरण प्रबन्ध गरिदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

निर्णय नं १० :

प्रस्ताव नं १० उपर छलफल गर्दा गाउँपालिकाको कार्यालयमा मिति २०७९।१२।२२ र मिति २०८०।०१।१० मा सूचना प्रकाशन गर्दा पदपूर्ती हुन नसकेको कार्यालय सहयोगी पद र वडा नं ३ को कार्यालयको प.स. ०८०।८१ च.न. ५२, मिति २०८०।०४।२४ को पत्रानुसार माग भएको (दाना स्वास्थ्य चौकीमा रिक्त रहेको) कार्यालय सहयोगी पद-२ विज्ञापन गरी करार नियुक्ती गर्ने ।

निर्णय नं ११ :

प्रस्ताव नं. ११ उपर छलफल गर्दा मिति २०८०।०४।१४ को गाउँ शिक्षा समितिको निर्णयबाट सिफारिस भई आए बमोजिम कक्षा ६ मा अध्ययन गर्ने कुल १५० जना विद्यार्थीका लागि दैनिक रु १५/- का दरले १८० दिनका लागि आवश्यक पर्ने रु ४,०५,०००/- बजेट प्रबन्ध गरी दिवा खाजा निरन्तरता दिने । विविध कार्यक्रम शीर्षकबाट "कक्षा ६ मा अध्ययन गर्ने विद्यार्थीको लागि दिवा खाजा" शीर्षक कायम गरी खर्च व्यवस्थापन गर्ने । विविध कार्यक्रममा हुने जाने कमीका लागि आगामी गाउँसभाबाट बजेट थप गर्ने ।

निर्णय नं १२ :

प्रस्ताव नं १२ उपर छलफल गर्दा सामुदायिक सिकाईकेन्द्रका कर्मचारीलाई वडा कार्यालयको समन्वयमा कामकाज गर्ने गरी खटाउने ।

निर्णय नं १३ :

प्रस्ताव नं १३ उपर छलफल गर्दा वडा कार्यालयबाट आर्थिक सहायताको लागि सिफारिस भएका तपसिलका व्यक्तीहरुलाई सहायता प्रदान गर्ने ।

| क्र.स | नाम थर | ठेगाना | रकम रु | विपदको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| १ | लुक्जन शेरपुजा | वडा न. ७ हिस्तान | ५०,०००/- | बैसरीमा ढुङ्गा खसि गम्भिर घाईते भएको उपचारको लागि | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | चन्द्र कुमारी बरुवाल | वडा नं ६ घार | १५,०००/- | २०८०।०४।०९ को पानीले घरको बार्दली भत्किई बस्न लायक नभएको । | |
| ३ | बुद्धि बहादुर दमाई | वडा नं ४ नारच्याङ | १५,०००/- | २०८०।०४।२३ को पानीले घर भत्किएको । | निवेदकको श्रीमती सममाया परियारको खातामा जम्मा गरिदिने । |
| ४ | राम बहादुर गर्बुजा | वडा नं ३ दाना | ६,०००/- | २०८०।०३।२३ गतेको पहिरोले ६ वटा बाख्रा मृत्यु भएको । | |

निर्णय नं १४ :

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिलको निर्णय गरियो ।

१) ठुला खोला हाइड्रोपावर लि. ले मिति २०८०।०३।१७, प.स. ०७९।८०, च.न. ११३ मा ठुलो खोला 'ए' जलविद्युत आयोजना (२२.५ मे.वा)ले उत्पादन गरेको विद्युत जोड्न वडा नं १, २, र ३ को भुमि प्रयोग गर्न सहजीकरण गरिदिन अनुरोध गरेकोमा सम्बन्धित वडाबाट सिफारिस आएपछि मात्र निर्णय गर्ने ।

२) मिति २०८०।०४।१९ गते वडा नं. ६ निवासी शिव बहादुर खड्काले सार्वजनिक जग्गा लिजमा उपलब्ध गराई पाउ भन्ने निवेदन उपर छलफल गर्दा आवश्यक कानूनी प्रकृया पूरा गरी आएमा मात्र व्यवसाय गर्न दिने ।

३) गत आ.व., वडा नं ४ मा बर्थिङ सेन्टर स्थापनाका लागि रु ७,००,०००/- बजेट प्रबन्ध भएकोमा रु ५,४७,०००/- बराबरको सामग्री व्यवस्थापन भएको तर समय अभावका कारण माग बमोजिमका साथै सामग्री प्रबन्ध नभएकाले रु १,६०,०००/- विविध कार्यक्रम शीर्षकबाट **'बर्थिङ सेन्टरका लागि सामग्री खरिद '** शीर्षक कायम गरी तत्काल आवश्यक सामग्री प्रबन्ध गर्ने ।

४) वडा नं ४, ६, ७ र ८ को कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयमा आवश्यक ब्याट्री/ईन्भर्टर ब्याकअप र गाउँ कार्यपालिकाको कार्यालयमा आवश्यक CCTV तत्काल प्रबन्ध गर्ने ।